२ भदौ २०७९, बिहिबार
18 August 2022, Thursday
मध्यान्ह
www.madhyanhadaily.com
समाचार । 3

प्रदेश सरकार
कृषि मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

कार्यक्षेत्र : सङ्खुवासभा, भोजपुर

## प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९।०५।०२
प्रस्ताव पेश गर्ने अन्तिम मिति : २०७९।०५।३१

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र संखुवासभाको चालु आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमका कार्यक्रमहरु कार्यान्वयन गर्न भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र संखुवासभा र सम्पर्क केन्द्र भोजपुर अन्तर्गतका लागि प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८ ले तोके बमोजिमको शर्तहरु पालन गर्ने गरी साझेदारी गर्न इच्छुक संखुवासभा र भोजपुर जिल्लाका आवेदकहरुबाट सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। थप जानकारीका लागि यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र संखुवासभाको फोन नं.०२९५६०१५९ वा अधिकृत छैठौं फुरनाम्चा शेर्पाको मोबाईल नं. ९८४२११२८२० र सम्पर्क केन्द्र भोजपुरको फोन नं. ०२९४२०१२९ वा अधिकृत छैठौं मुल्दनलाल यादवको मोबाईल नं. ९८४२०६१४०४ मा सम्पर्क गर्नुहुन साथै प्रदेश सरकार कृषि मन्त्रालयको वेबसाईड www.molmac.p1.gov.np बाट प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८ डाउनलोड गरी थप जानकारी लिन सक्नुहुनेछ।

पुनश्च :
१. उल्लेखित कार्यक्रमहरुको प्रस्ताव सम्बन्धित विज्ञ केन्द्र संखुवासभा र सम्पर्क केन्द्र भोजपुरमा पेश गर्नु पर्नेछ।

| सि नं. | कार्यक्रमको नाम | इकाई | परिमाण | | विज्ञ केन्द्रबाट तोकिएको रकम वा बढीमा ७५% अनुदान | कार्यक्रम सञ्चालनका शर्तहरु | प्रस्ताव पेश गर्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|---|---|---|
| | | | सं.स. | भोजपुर | | | |
| १ | द्वन्द पिडित पशुपन्छी पालन कार्यक्रम (चालु) | संख्या | ७ | ५ | प्रति संख्या रु ३ लाखसम्म | कृषि व्यवसाय प्रवर्द्धन अनुदान पहिलो संशोधन कार्यविधि २०७७ को बुँदा न.१५ अनुसार | नेपाल सरकारबाट उपलब्ध गराएको द्वन्द पिडित शसस्त्र द्वन्दको सहिद परिवार/बेपत्ता परिवार भएको प्रमाणपत्रवाला व्यक्ति/परिवार |
| २ | युवा लक्षित पशु विकास कार्यक्रम (चालु) | संख्या | ५ | ५ | प्रति संख्या रु २ लाखसम्म | प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८ को परिच्छेदको २ बुँदा नं. ६.१ अनुसार | पशुपन्छीपालन फर्म/उद्योग/कम्पनी |
| ३ | कृषि/पशु सहकारी संस्थाहरुसंगको सहयोगमा व्यवसायिक पशुपालन कार्यक्रम (चालु) | संख्या | १ | १ | प्रति संख्या रु ३५ लाखसम्म | प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८ को परिच्छेदको ३ बुँदा नं. ६.२ अनुसार | पशुपालन समुह/कृषि पशुपालन सहकारी संस्था |
| ४ | प्रजनन योग्य थुमा वितरण (चालु) | संख्या | ७ | | प्रति संख्या रु २० हजारसम्म | कम्तिमा १५-२० माउ भेडा पालेको हुनुपर्ने। | पशुपन्छीपालन कृषक फर्म/उद्योग/ कम्पनी |
| ५ | प्रजनन योग्य बंगुरका पाठापाठी वितरण (चालु) | संख्या | ३० | ३० | प्रति संख्या रु ३.५ हजारसम्म | १. उद्यमी/व्यवसायी भएमा कम्तिमा १० माउ तथा सहकारी/समुह/संस्था भएमा प्रति सदस्य कम्तिमा ५ माउ हुनुपर्ने। | पशुपन्छीपालन कृषक फर्म/उद्योग/ कम्पनी |
| ६ | प्रजननको लागि रांगो वितरण | संख्या | २ | २ | प्रति संख्या रु १ लाखसम्म | समुह समिति वा फर्मलाई पहिलो प्राथमिकता हुने | पशुपालक सहकारी संस्था, फर्म कृषक, समुह/समिति |
| ७ | विशेष अनुदानमा बोयर बोका वितरण कार्यक्रम (असर्त) | संख्या | १५ | १५ | प्रति गोटा रु ७५ हजारसम्म | १. प्रचलित कानून बमोजिम दर्ता भएका बाख्रापालक फर्म/संस्था, समुह/समिति। २. बाख्रापालन सम्बन्धि फर्म भएमा कम्तिमा २० माउ बाख्रा र संस्थागत वा समुह सहकारी भएमा प्रति व्यक्ति कम्तिमा ५ माउ बाख्रा हुनुपर्ने। | पशुपालक सहकारी संस्था, फर्म, समुह/ समिति |

**प्रस्तावकासाथ संलग्न हुनुपर्ने कागजातहरु :**

१) निवेदनको साथमा रु. १०।- हुलाक टिकट टाँस भएको हुनुपर्ने।
२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।
३) सन्चालित कार्यक्रमको लागि तोकिएको ढाँचा बमोजिमको संक्षिप्त कार्ययोजना, लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र।
विगत ३ वर्षभित्र प्रस्तावित कार्यक्रम सम्बन्धि अनुदान नलिएको स्वघोषणा-पत्र।
४) जग्गा धनीपूर्जाको प्रतिलिपी तथा जग्गा लिजमा लिएको भए कम्तिमा १० वर्षको करारनामा तथा हालसाले तिरेको मालपोत रसीद र एकाघरको परिवारको नामको जग्गा भए मन्जुरीनामासहित कर तिरेको मालपोत रसीद।
५) प्रचलित कानून बमोजिम आधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता नविकरण, पान/भ्याट नम्बर उल्लेख भएको पत्रको प्रतिलिपी।
६) समुह/समिति/सहकारी संस्थाको हकमा कार्य समितिको निर्णय प्रतिलिपी एवं सन्चालन समितिको पदाधिकारीको नागरिकताको प्रतिलिपी अनिवार्य।
७) अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ताको प्रतिलिपी।
८) सम्बन्धित पालिकाको वा वडा कार्यालयको र पशु सेवा शाखाको सिफारिस पत्र।
९) प्रस्तावको सि.नं. ४, ५ र ६ को हकमा फर्म दर्ता नभएता पनि हुने भेडाको हकमा कम्तिमा १५-२० माउ भेडापालेको हुनुपर्ने।

नोट :- १) फर्म दर्ता तथा पान/भ्याटमा दर्ता सूचना प्रकाशन भएको मिति भन्दा अगाडिको हुनुपर्नेछ।
२) व्यक्तिगत अनुदान ग्राहीले रु.१००।- र संस्थागत अनुदान ग्राहीले रु.२००।- जम्मा गरेको बैंक भौचर पेश गर्नुपर्नेछ।